नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८१/०८२

चलानी नं.:- ६२

मिति:- २०८१/०५/१३

ने.सं. ११४४ गुँलागा ११

विषयः- संविधान दिवस तथा राष्ट्रिय दिवस मनाउने सम्बन्धमा।

श्री गाउँपालिका (सबै),

श्री नगरपालिका (सबै)।

गृह मन्त्रालयको च.नं. १०८, मिति २०८१/०५/११ को संविधान दिवस तथा राष्ट्रिय दिवस मनाउने सम्बन्धी पत्र र सो साथ प्राप्त संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१ मूल समारोह समिति गठन एवम् अनुमोदित कार्यक्रम आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थ:

श्री गृह मन्त्रालय, सिंहदरबार।

श्री सूचना तथा प्रविधि शाखा:- Website मा Upload गरिदिनुहुन ।

नेपाल सरकार

# गृह मन्त्रालय

(मूल समारोह समितिको सचिवालय)

पत्र संख्या:-संविधान दिवस - २०८१

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:- १०८

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मिति : २०८१।५।११

ने.स. ११४४

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
(सङ्घीय मामिला महाशाखा)
सिंहदरबार, काठमाडौं ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- 638
दर्ता मिति:- २०८१/०५/१२

विषय : संविधान दिवस तथा राष्ट्रिय दिवस मनाउने सम्बन्धमा।

सदाझैं संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१ (असोज २, ३ र ४ गते तीन दिनसम्म) भव्यतासाथ मनाउने सन्दर्भमा **संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१ मूल समारोह समिति**का अध्यक्ष सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको अध्यक्षतामा मिति २०८१।५।९ गते आइतबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको बैठकबाट अनुमोदित तपसिल बमोजिमका कार्यक्रम आयोजनासहित दिवस मनाउने सम्बन्धमा सबै स्थानीय तहहरुमा आवश्यक निर्देशनका लागि निर्णयानुसार अनुरोध छ।

तपसिल

१. काठमाडौं उपत्यका बाहिरका जिल्ला सदरमुकामहरुमा आयोजना हुने संविधान दिवस तथा राष्ट्रिय दिवस कार्यक्रम सञ्चालनको व्यवस्थाका लागि जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा सम्बन्धित स्थानीय पालिका प्रमुख एवम् सरोकारवाला निकायका प्रतिनिधि सम्मिलित समिति गठन गर्ने र सरसफाई, प्रभातफेरी, खेलकुद, प्रवचन तथा साहित्यिक गोष्ठी, साँस्कृतिक कार्यक्रम र विभिन्न झाँकी प्रदर्शनी जस्ता विविध कार्यक्रम गरी संविधान दिवस तथा राष्ट्रिय दिवस मनाउने।
२. सबै स्थानीय तहहरूमा सम्बन्धित स्थानीय पालिका प्रमुखको अध्यक्षतामा संविधान दिवस तथा राष्ट्रिय दिवस कार्यक्रम आयोजक समिति गठन गरी समितिको आयोजना र समन्वयमा विविध कार्यक्रमका साथ दिवस मनाउने।
३. उपयुक्त स्थान पहिचान गरी वन कार्यालयसमेतको समन्वयमा स्थानीय तह एवम् सरकारी कार्यालयहरूबाट वृक्षारोपण कार्यक्रम सञ्चालन गर्ने।
४. स्थानीय विद्युतीय तथा छापा सञ्चार माध्यमबाट संविधान दिवस तथा राष्ट्रिय दिवससँग सम्बन्धित विशेष सम्वाद, परिसम्वाद, रेडियो नाटक लगायतका सन्देशमूलक तथा जनचेतनामूलक कार्यक्रमहरूको प्रसारण/प्रकाशन गर्ने, गराउने।
५. सबै सरकारी निकायहरूका वेभसाइटहरूमा संविधान दिवस तथा राष्ट्रिय दिवस भव्यरुपले मनाउने सम्बन्धी पपअप आउने व्यवस्था मिलाउने।
६. सम्भव भएसम्म फराकिला चोकहरुमा वृहत् जनसहभागितासहित राष्ट्रिय गीतहरुको कार्यक्रम (National Day Concert) आयोजना गर्ने।

आन्तरिक व्यवस्थापन महाशाखा
दर्ता नं.: ५४
मिति: २०८१।५।१२

सम्पर्क नं: ०१-४२११२४०, ०१-४२११२५५
**Email** : officemanagementmoha@gmail.com

नेपाल सरकार
# गृह मन्त्रालय
(मूल समारोह समितिको सचिवालय)

पत्र संख्याः- संविधान दिवस - २०८१
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- १०८

सिंहदरवार,
काठमाडौं, नेपाल।

७. विद्यालय, कलेज एवम् शैक्षिक संस्थाहरूमा नेपालको संविधान, संविधान दिवस तथा राष्ट्रिय दिवस र नेपालको राष्ट्रिय झन्डा लगायतको राष्ट्रभक्तिको विषयमा कविता, वक्तृत्वकला र हाजिरजवाफ प्रतियोगिता सञ्चालन गर्ने र फरक क्षमता भएका विद्यार्थीहरुलाई उपयुक्त हुने शैक्षिक तथा खेलकुद सामग्री वितरण गर्ने व्यवस्था मिलाउने।

८. ऐतिहासिक आन्दोलनहरूका सहिद परिवार र घाइतेहरूलाई प्रमुख जिल्ला अधिकारीको समन्वयमा सम्मान कार्यक्रम आयोजना गर्ने।

९. आम नागरिकहरूलाई तीनै दिन आ-आफ्नो घरको छत, वरण्डामा राष्ट्रिय झन्डा सजाउन र दिपावली गर्न आव्हान गर्ने।

१०. सार्वजनिक सवारी साधनहरूमा तीनै दिन राष्ट्रिय झन्डा फहराउन आव्हान गर्ने।

११. जिल्ला स्वास्थ्य कार्यालय, नेपाल रेडक्रस सोसाइटी, स्वास्थ्य सेवा सम्वद्ध स्थानीय संघ-संस्थाहरुसमेतको समन्वयमा रक्तदान कार्यक्रम सञ्चालन गर्ने।

१२. असोज २, ३ र ४ गते स्थानीय तहका सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, संघ-संस्थाका कार्यालयहरूको छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ मण्डला, दरवार स्क्वायर जस्ता क्षेत्रमा दीप प्रज्ज्वलन गर्ने।

विश्वराज न्यौपाने
उपसचिव

**सादर अवगतार्थः**

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार।

माननीय गृह मन्त्रीज्यूको सचिवालय, गृह मन्त्रालय।

श्रीमान् सचिवज्यूको सचिवालय, गृह मन्त्रालय।

सम्पर्क नं: ०१-४२११२४०, ०१-४२११२५५
**Email** : officemanagementmoha@gmail.com

# संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१

## मूल समारोह समिति गठन

## एवम्

## अनुमोदित कार्यक्रम

# संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१

## मूल समारोह समिति गठन एवम् अनुमोदित कार्यक्रम

संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१ यही असोज २, ३ र ४ गते विविध कार्यक्रमका साथ नेपाल राज्यभर र विदेशस्थित नेपाली राजदूतावास, कूटनीतिक नियोग तथा वाणिज्य दूतावासहरुमा समेत भव्यतासाथ राष्ट्रिय दिवसका रुपमा मनाउने सन्दर्भमा सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको अध्यक्षतामा मूल समारोह समिति गठन तथा प्रस्तावित कार्यक्रमउपर छलफल गरी आवश्यक परिमार्जन सहित कार्यक्रम पारित गर्ने प्रयोजनार्थ मिति २०८१ साल भाद्र ९ गते आइतवार अपरान्ह ०५:०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा देहाय बमोजिमका महानुभावहरुको समुपस्थितिमा बैठक बसी तपसिल बमोजिमका कार्यक्रम अनुमोदन गरियो।

**तपसिल**

**क. "संविधान दिवस तथा राष्ट्रिय दिवस मूल समारोह समिति, २०८१" को गठन :**

| | | |
|---|---|---|
| १. | सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली | अध्यक्ष |
| २. | माननीय उपप्रधानमन्त्रीहरु, मन्त्रीहरु एवं राज्यमन्त्रीहरु | सदस्य |
| ३. | काठमाडौं महानगरपालिकाका प्रमुख | सदस्य |
| ४. | नेपाल सरकारका मुख्य सचिव | सदस्य |
| ५. | प्रधानसेनापति | सदस्य |
| ६. | ललितपुर महानगरपालिकाका प्रमुख | सदस्य |
| ७. | नेपाल सरकारका सचिव तथा विशिष्ट श्रेणीका राजपत्राङ्कित अधिकृतहरु | सदस्य |
| ८. | महानिरीक्षक, नेपाल प्रहरी | सदस्य |
| ९. | महानिरीक्षक, सशस्त्र प्रहरी बल, नेपाल | सदस्य |
| १०. | मुख्य अनुसन्धान निर्देशक, राष्ट्रिय अनुसन्धान विभाग | सदस्य |
| ११. | उपत्यकाका नगरपालिका प्रमुखहरू, | सदस्य |
| १२. | सचिव, गृह मन्त्रालय | सदस्य-सचिव |

## सङ्घीय सरकार तथा केन्द्रीयस्तरका कार्यक्रम :

### असोज २ गते

१. वर्तमान संविधान निर्माणको ऐतिहासिक पृष्ठभूमि, संविधानको महत्त्व, संविधानमा अन्तर्निहित पक्षहरूमा केन्द्रीत विशेष सम्वाद, परिसम्वाद तथा सन्देशमूलक नाटक जस्ता सिर्जनात्मक र रचनात्मक कार्यक्रम निर्माण तथा सञ्चालन गरी रेडियो नेपाल, नेपाल टेलिभिजन, सामुदायिक एवम् निजी क्षेत्र समेतका विद्युतीय (audio-visual) तथा छापा सञ्चारमाध्यमबाट प्रशारण, प्रकाशन गर्ने, गराउने व्यवस्था मिलाउने।

२. राष्ट्रियस्तरका छापा सञ्चार गृहहरूलाई संविधान दिवस तथा राष्ट्रिय दिवसको उपलक्ष्यमा विशेषाङ्क/स्मारिका तथा संविधानको बहुपक्षीय आयामलाई उजागर गर्ने विभिन्न लेख-रचनाहरूको सँगालो प्रकाशन गर्न अनुरोध गर्ने।

३. सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, संघ-संस्थाका कार्यालयहरूको छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ मण्डला, दरवार स्क्वायर जस्ता क्षेत्र र सबै सरकारी तथा गैर सरकारी कार्यालयमा दीप प्रज्ज्वलन गर्ने व्यवस्था मिलाउने।

४. आम नागरिकहरूलाई आ-आफ्नो घरको छत, वरण्डामा राष्ट्रिय झन्डा सजाउन र साँझ दिपावली गर्न आव्हान गर्ने।

५. सार्वजनिक सवारी साधनहरूमा राष्ट्रिय झन्डा फहराउन आव्हान गर्ने।

६. सबै जिल्लाहरूमा सरकारी तथा गैर सरकारी संस्थाहरुको सहयोगमा रक्तदान कार्यक्रम सञ्चालन गर्ने व्यवस्था स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मिलाउने।

७. प्रजातान्त्रिक तथा लोकतान्त्रिक जनआन्दोलन र जनसंघर्षका सहिद तथा वेपत्ता व्यक्तिका परिवार र घाइतेहरूलाई प्रमुख जिल्ला अधिकारी एवम् स्थानीय तहको समन्वयमा सम्मान कार्यक्रम आयोजना गर्ने।

८. जिल्ला स्तरमा फरक क्षमता भएका विद्यार्थीहरूले अध्ययन गर्ने विद्यालयहरूमा उपयुक्त हुने शैक्षिक तथा खेलकुद सामग्री वितरण गर्ने कार्यक्रम संचालन गर्ने। यस कार्यमा ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूले आवश्यक समन्वय गर्ने।

### असोज ३ गते

१. नेपाली सेनाद्वारा सैनिक-मञ्च, टुँडिखेलमा बिहान सूर्योदयसँगै बिगुल (रिभ्याली) बजाउने तथा तोप र बन्दुकको बढाईं (स्याल्भो र भली फायर) गर्ने ।

२. नेपाली सेनाको हेलिकोप्टरबाट **"संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१"** अङ्कीत व्यानर रिङ्गरोड वारपार प्रदर्शन गर्ने तथा नेपाली सैनिक-मञ्च, टुँडिखेलमा हेलिकोप्टरबाट पुष्पवृष्टि र ब्यानर प्रदर्शन गर्ने ।

३. नेपाली सैनिक-मञ्च, टुँडिखेलमा **संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१** को औपचारिक मूल समारोह आयोजना गर्ने र उक्त समारोहमा संवैधानिक अङ्गका प्रमुखहरू, मूल समारोह समितिका सदस्यहरू, निर्वाचित जनप्रतिनिधिहरु, संवैधानिक निकायका प्रमुखहरू, विदेशी कूटनीतिक नियोगका प्रमुखहरू, शैक्षिक तथा प्राज्ञिक प्रतिष्ठानका पदाधिकारीहरू, नागरिक समाजका ख्यातिप्राप्त व्यक्तित्वहरु, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मीहरु, सार्वजनिक तथा सामुदायिक संघ-संस्थाका पदाधिकारीहरू तथा सर्वसाधारण समेतको उपस्थितिका लागि आमन्त्रण गर्ने।

४. मूल समारोह समितिद्वारा नेपाली सैनिकमञ्च, टुँडिखेलमा आयोजित मूल समारोहको कार्यक्रम रेडियो नेपाल र नेपाल टेलिभिजनबाट प्रत्यक्ष प्रसारण गर्ने।

५. नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपालको तर्फबाट सातै प्रदेशको साँस्कृतिक विविधता झल्कने प्रकृतिको प्रस्तुति सैनिक मञ्च, टुँडिखेलमा गर्ने।

६. सम्भाव्य फराकिला सार्वजनिक चोकहरूमा वृहत् जनसहभागितासहित राष्ट्रिय गीतहरुको कार्यक्रम **(National Day Concert)** आयोजना (उपत्यकाको हकमा नारायणहिटी दरबारमार्गमा) गर्ने।

७. रेडियो नेपाल तथा नेपाल टेलिभिजनबाट **संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१** को अवसरमा जागरण गीत प्रसारण गर्ने र अन्य रेडियो, एफ.एम. तथा टेलिभिजनहरुलाई समेत प्रसारणका लागि अनुरोध गर्ने।

८. सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, संघ-संस्थाका कार्यालयहरूको छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ मण्डला, दरवार स्क्वायर जस्ता क्षेत्रमा दीप प्रज्ज्वलन गर्ने ।

९. आम नागरिकहरूलाई आ-आफ्नो घरको छत, वरण्डामा राष्ट्रिय झण्डा सजाउन र साँझ दिपावली गर्न आव्हान गर्ने।

१०.सार्वजनिक सवारी साधनहरूमा राष्ट्रिय झन्डा फहराउन आव्हान गर्ने।

११.उपयुक्त स्थान पहिचान गरी सङ्घीय सरकारका मन्त्रालय/विभाग/सुरक्षा निकाय/कार्यालय, प्रदेश सरकारका मन्त्रालय/कार्यालय र स्थानीय तहले सम्बद्ध सरोकारवाला निकायको समन्वयमा वृक्षारोपण कार्यक्रम सञ्चालन गर्ने।

१२.विकास निर्माणमा भए, गरेका प्रमुख उपलब्धी झल्किने वृत्तचित्र बनाई सार्वजनिक होर्डिङ बोर्ड एवं टेलिभिजनबाट प्रसारण गराउने।

**असोज ४ गते**

१. सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, संघ-संस्थाका कार्यालयहरूको छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ मण्डला, दरवार स्क्वायर जस्ता क्षेत्रमा दीप प्रज्ज्वलन गर्ने ।

२. आम नागरिकहरूलाई आ-आफ्नो घरको छत, वरण्डामा राष्ट्रिय झण्डा सजाउन र साँझ दिपावली गर्न आव्हान गर्ने।

३. सार्वजनिक सवारी साधनहरूमा राष्ट्रिय झन्डा फहराउन आव्हान गर्ने।

**ख. विदेशस्थित नेपाली राजदूतावास, कूटनीतिक नियोग तथा वाणिज्य दूतावासका कार्यक्रम :**

१. विदेशस्थित नेपाली राजदूतावास, कूटनीतिक नियोग तथा वाणिज्य दूतावासहरूमा असोज २, ३ र ४ गते कार्यालयको छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ दीप प्रज्ज्वलन गर्ने।

२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नेपालको विशिष्ट गौरवमय मौलिक पहिचान तथा विशेषता झल्कने विद्युतीय प्रचार सामग्री तयार गरी समुचित प्रचार-प्रसारका लागि परराष्ट्र मन्त्रालय मार्फत विदेशस्थित नेपाली कूटनीतिक निकायहरुमा पठाउने।

**ग. प्रदेश राजधानी (केन्द्र), जिल्ला र स्थानीय तहस्तरका कार्यक्रमः**

१. सबै प्रदेशहरुमा प्रदेशका माननीय मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेशस्तरीय **"संविधान दिवस तथा राष्ट्रिय दिवस समारोह समिति"** गठन गरी विविध कार्यक्रमका साथ संविधान दिवस तथा राष्ट्रिय दिवस भव्यरुपमा मनाउन अनुरोध गर्ने।

२. काठमाडौं उपत्यका बाहिरका जिल्ला सदरमुकामहरुमा आयोजना हुने संविधान दिवस तथा राष्ट्रिय दिवसका कार्यक्रम सञ्चालनको व्यवस्थाका लागि जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा सम्बन्धित स्थानीय पालिका प्रमुख र सरोकारवाला पदाधिकारीहरू सम्मिलित **"जिल्ला स्तरीय कार्यक्रम आयोजक समिति"** गठन गर्ने र सरसफाई, प्रभातफेरी, खेलकुद, प्रवचन तथा साहित्यिक गोष्ठी, साँस्कृतिक कार्यक्रम र विभिन्न झाँकी प्रदर्शनी जस्ता विविध कार्यक्रम गरी संविधान दिवस तथा राष्ट्रिय दिवस मनाउने। समन्वय, सहजीकरण तथा शान्ति सुरक्षाको व्यवस्था प्रमुख जिल्ला अधिकारीले मिलाउने।

३. सबै स्थानीय तहहरुमा सम्बन्धित स्थानीय तहका प्रमुखको अध्यक्षतामा **"संविधान दिवस तथा राष्ट्रिय दिवस कार्यक्रम आयोजक समिति"** गठन गरी संविधान दिवस तथा राष्ट्रिय दिवस विविध कार्यक्रमका साथ भव्यरुपमा मनाउन सबै स्थानीय तह मार्फत स्थानीयबासीहरूलाई अनुरोध गर्ने।

४. असोज २, ३ र ४ गते प्रदेश तथा स्थानीय तहका सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, संघसंस्थाका कार्यालयहरूको छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ दीप प्रज्ज्वलन गर्ने।

५. आम नागरिकहरूलाई आ-आफ्नो घरको छत, वरण्डामा राष्ट्रिय झण्डा सजाउन र साँझ दिपावली गर्न आव्हान गर्ने।

६. सार्वजनिक सवारी साधनहरूमा राष्ट्रिय झण्डा फहराउन आव्हान गर्ने।

७. स्थानीय विद्युतीय तथा छापा सञ्चार माध्यमबाट संविधान दिवस तथा राष्ट्रिय दिवससँग सम्बन्धित विभिन्न सन्देश तथा कार्यक्रमहरु प्रसारण-प्रकाशन गर्न लगाउने।

८. असोज ३ गते विहान नेपाली सैनिक मञ्च, टुँडिखेलमा आयोजना हुने मूल समारोहको कार्यक्रमको प्रत्यक्ष प्रशारण हेर्ने सुविधालाई मध्यनजर राखी सम्भव भए सम्म मूल समारोहको कार्यक्रमको समयमा नपर्ने गरी प्रदेश, जिल्ला तथा स्थानीयस्तरका कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाउने।

मूल समारोहका कार्यक्रमहरुको प्रभावकारी व्यवस्थापनका लागि देहाय बमोजिमका उपसमितिहरु गठन गर्ने ।

| प्रचार प्रसार उप-समिति | | |
|---|---|---|
| १. | सचिव, संचार तथा सूचना प्रविधि मन्त्रालय | संयोजक |
| २. | अध्यक्ष, नेपाल पत्रकार महासंघ | सदस्य |
| ३. | अध्यक्ष, नेपाल दूरसञ्चार प्राधिकरण | सदस्य |
| ४. | अध्यक्ष, नेपाल टेलिभिजन | सदस्य |
| ५. | अध्यक्ष, गोरखापत्र संस्थान | सदस्य |
| ६. | अध्यक्ष, राष्ट्रिय समाचार समिति | सदस्य |
| ७. | कार्यकारी निर्देशक, रेडियो नेपाल | सदस्य |
| ८. | प्रबन्ध निर्देशक, नेपाल टेलिकम | सदस्य |
| ९. | अध्यक्ष, विज्ञापन वोर्ड | सदस्य |
| १०. | उपसचिव, गृह मन्त्रालय (आन्तरिक प्रशासन सवारी तथा सभा समारोह व्यवस्थापन शाखा) | सदस्य |
| ११. | महानिर्देशक, सूचना तथा प्रसारण विभाग | सदस्य-सचिव |

| वृहत् जनसहभागितासहित राष्ट्रिय गीतहरुको कार्यक्रम (National Day Concert) व्यवस्थापन उपसमिति | | |
|---|---|---|
| १. | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संयोजक |
| २. | सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| ३. | प्रहरी अतिरिक्त महानिरीक्षक, नेपाल प्रहरी, काठमाडौं उपत्यका प्रहरी कार्यालय | सदस्य |
| ४. | सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| ५. | सहसचिव, अर्थ मन्त्रालय | सदस्य |
| ६. | सहसचिव, गृह मन्त्रालय (आन्तरिक व्यवस्थापन महाशाखा) | सदस्य |
| ७. | प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, काठमाडौं | सदस्य |
| ८. | प्रमुख प्रशासकीय अधिकृत, काठमाडौं महानगरपालिका | सदस्य |
| ९. | निर्देशक, समारोह सञ्चालन निर्देशनालय, नेपाली सेना | सदस्य |
| १०. | सशस्त्र प्रहरी नायव महानिरीक्षक, सशस्त्र प्रहरी बल, नेपाल (उपत्यका हेर्ने) | सदस्य |
| ११. | अध्यक्ष, चलचित्र विकास बोर्ड | सदस्य |
| १२. | सदस्य सचिव, राष्ट्रिय खेलकुद परिषद् | सदस्य |
| १३. | प्रतिनिधि, नेपाल प्रज्ञा प्रतिष्ठान | सदस्य |
| १४. | प्रतिनिधि, सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान | सदस्य |
| १५. | साहित्यकार, गीतकार, सङ्गीतकार, गायक, अभिनेता, रङ्गकर्मी, खेलाडी, पत्रकार लगायत विभिन्न क्षेत्रमा ख्याति प्राप्त गरेका व्यक्तिहरु | सदस्य |

| | | |
|---|---|---|
| १६. | महाप्रबन्धक, साँस्कृतिक संस्थान (राष्ट्रिय नाचघर) | सदस्य-सचिव |
| | **साँस्कृतिक झाँकी व्यवस्थापन उपसमिति** | |
| १. | सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | संयोजक |
| २. | सहसचिव, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| ३. | प्रमुख प्रशासकीय अधिकृत, काठमाडौं महानगरपालिका | सदस्य |
| ४. | प्रमुख प्रशासकीय अधिकृत, ललितपुर महानगरपालिका | सदस्य |
| ५. | प्रमुख प्रशासकीय अधिकृत, भक्तपुर नगरपालिका | सदस्य |
| ६. | प्रमुख प्रशासकीय अधिकृत, गोकर्णेश्वर नगरपालिका | सदस्य |
| ७. | प्रमुख प्रशासकीय अधिकृत, कागेश्वरी मनोहरा नगरपालिका | सदस्य |
| ८. | प्रमुख प्रशासकीय अधिकृत, बुढानिलकण्ठ नगरपालिका | सदस्य |
| ९. | प्रमुख प्रशासकीय अधिकृत, शंखरापुर नगरपालिका | सदस्य |
| १०. | प्रमुख प्रशासकीय अधिकृत, टोखा नगरपालिका | सदस्य |
| ११. | प्रमुख प्रशासकीय अधिकृत, नागार्जुन नगरपालिका | सदस्य |
| १२. | प्रमुख प्रशासकीय अधिकृत, तारकेश्वर नगरपालिका | सदस्य |
| १३. | प्रमुख प्रशासकीय अधिकृत, कीर्तिपुर नगरपालिका | सदस्य |
| १४. | प्रमुख प्रशासकीय अधिकृत, चन्द्रागिरी नगरपालिका | सदस्य |
| १५. | प्रमुख प्रशासकीय अधिकृत, दक्षिणकाली नगरपालिका | सदस्य |
| १६. | प्रमुख प्रशासकीय अधिकृत, मध्यपुर ठिमी नगरपालिका | सदस्य |
| १७. | प्रमुख प्रशासकीय अधिकृत, चाँगुनारायण नगरपालिका | सदस्य |
| १८. | प्रमुख प्रशासकीय अधिकृत, सुर्यविनायक नगरपालिका | सदस्य |
| १९. | प्रमुख प्रशासकीय अधिकृत, गोदावरी नगरपालिका | सदस्य |
| २०. | प्रमुख प्रशासकीय अधिकृत, महालक्ष्मी नगरपालिका | सदस्य |
| २१. | शाखा अधिकृत, कार्यालय व्यवस्थापन तथा जिन्सी शाखा, गृह मन्त्रालय | सदस्य |
| २२. | प्रमुख, प्रशासन तथा संगठन विकास विभाग, काठमाडौं महानगरपालिका | सदस्य-सचिव |
| | **साँस्कृतिक विविधता प्रदर्शन व्यवस्थापन उपसमिति** | |
| १. | सचिव, रक्षा मन्त्रालय | संयोजक |
| २. | सहसचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| ३. | निर्देशक, समारोह सञ्चालन निर्देशनालय, नेपाली सेना | सदस्य |
| ४. | प्रहरी नायव महानिरीक्षक, नेपाल प्रहरी (सम्बन्धित विभाग) | सदस्य |

| | | |
|---|---|---|
| ५. | सशस्त्र प्रहरी नायव महानिरीक्षक, सशस्त्र प्रहरी बल, नेपाल (सम्बन्धित विभाग) | सदस्य |
| ६. | महाप्रबन्धक, साँस्कृतिक संस्थान (राष्ट्रिय नाँचघर) | सदस्य |
| ७. | उपसचिव, प्रहरी कर्मचारी प्रशासन शाखा, गृह मन्त्रालय | सदस्य |
| ८. | उपसचिव, रक्षा मन्त्रालय | सदस्य |
| **ग्राउण्ड, कवाज तथा व्यायाम व्यवस्थापन उप-समिति** | | |
| १. | प्रमुख जिल्ला अधिकारी, काठमाडौं | संयोजक |
| २. | सशस्त्र वरिष्ठ प्रहरी उपरीक्षक, सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय | सदस्य |
| ३. | प्रमुख सेनानी, समारोह सञ्चालन निर्देशनालय, जङ्गी अड्डा | सदस्य |
| ४. | नगर प्रहरी प्रमुख, काठमाडौं महानगरपालिका | सदस्य |
| ५. | शाखा अधिकृत, आन्तरिक प्रशासन सवारी तथा सभा समारोह व्यवस्थापन शाखा, गृह मन्त्रालय | सदस्य |
| ६. | प्रहरी वरिष्ठ उपरीक्षक, काठमाडौं उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | सदस्य-सचिव |
| **मञ्च सजावट तथा व्यवस्थापन उप-समिति** | | |
| १. | प्रमुख प्रशासकीय अधिकृत, काठमाडौं महानगरपालिका | संयोजक |
| २. | प्रमुख प्रशासकीय अधिकृत, ललितपुर महानगरपालिका | सदस्य |
| ३. | प्रमुख प्रशासकीय अधिकृत, भक्तपुर नगरपालिका | सदस्य |
| ४. | प्रमुख, काठमाडौं उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | सदस्य |
| ५. | सहायक प्रमुख जिल्ला अधिकारी, काठमाडौं | सदस्य |
| ६. | सुपरिन्टेन्डेन्ट इञ्जिनियर, भवन निर्माण तथा सम्भार डिभिजन कार्यालय | सदस्य |
| ७. | प्रमुख सेनानी, जङ्गी अड्डा (समारोह सञ्चालन निर्देशनालय) | सदस्य |
| ८. | अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ | सदस्य |
| ९. | शाखा अधिकृत, कार्यालय व्यवस्थापन तथा जिन्सी शाखा, गृह मन्त्रालय | सदस्य |
| १०. | प्रमुख, प्रशासन तथा संगठन विकास विभाग, काठमाडौं महानगरपालिका | सदस्य-सचिव |

## क्रियाकलाप तथा कार्ययोजना :

| क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समन्वय |
|---|---|---|---|
| १. सबै प्रदेशका माननीय मुख्यमन्त्रीहरुलाई सम्माननीय प्रधानमन्त्रीज्यूबाट संविधान दिवस तथा राष्ट्रिय दिवस भव्यरुपमा मनाउन निर्देशन दिने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | गृह मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २. संविधान दिवस तथा राष्ट्रिय दिवसको शुभकामनाको एस.एम.एस. तथा डिस्प्ले बोर्डमा सन्देश प्रसारण गराउने व्यवस्था मिलाउने । | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सरकारी तथा निजी क्षेत्रका सञ्चार गृहहरु | गृह मन्त्रालय |
| ३. दिवस केन्द्रीत विशेष सम्वाद, परिसम्वाद, रेडियो नाटक लगायत जनचेतनामूलक कार्यक्रमहरुको प्रसारण/प्रकाशन गर्ने व्यवस्था मिलाउने ।<br>४. राष्ट्रियस्तरका पत्रपत्रिकाहरूमा संविधान दिवस तथा राष्ट्रिय दिवसका विशेषाङ्क/स्मारिकाको रूपमा प्रकाशन गर्नुका साथै संविधानको बहुपक्षीय आयामलाई उजागर गर्ने विभिन्न लेख रचनाहरूको सँगालो प्रकाशन गर्ने।<br>५. रेडियो नेपाल, नेपाल टेलिभिजन एवं सामुदायिक, निजी क्षेत्रका अन्य सञ्चार माध्यमहरूबाट संविधानको महत्वको बारेमा कार्यक्रम प्रसारण/प्रकाशन गराउने।<br>६. सबै सरकारी निकायहरूका वेभसाइटहरूमा **संविधान दिवस तथा राष्ट्रिय दिवस** भव्यरुपले मनाउने सम्बन्धी पपअप आउने व्यवस्था मिलाउने।<br>७. संविधान दिवस तथा राष्ट्रिय दिवसका सन्देश झल्कने डिजिटल ब्यानर तयार गरी सामाजिक सञ्जालहरूमा राख्ने व्यवस्था मिलाउने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सरकारी, सामुदायिक तथा निजी क्षेत्रका सञ्चार गृहहरु | गृह मन्त्रालय |
| ८. विकास निर्माणमा भए, गरेका प्रमुख उपलब्धी झल्किने वृत्तचित्र बनाई सार्वजनिक होर्डिङ बोर्ड एवं टेलिभिजनबाट प्रसारण गराउने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल सरकारका सबै मन्त्रालयहरू | गृह मन्त्रालय |
| ९. सम्भाव्य फराकिला चोकहरुमा वृहत् जनसहभागितासहित राष्ट्रिय गीतहरुको कार्यक्रम ***(National Day Concert)*** आयोजना (उपत्यकाको हकमा नारायणहिटी दरवारमार्गमा आयोजना) गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, प्रदेश सरकार, स्थानीय तहहरू | नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल | गृह मन्त्रालय |
| १०. आम नागरिकहरूलाई तीनै दिन आ-आफ्नो घरको छत, वरण्डामा राष्ट्रिय झन्डा सजाउन र दिपावली गर्न आव्हान गर्ने।<br>११. सार्वजनिक सवारी साधनहरूमा राष्ट्रिय झन्डा फहराउन आव्हान गर्ने। | स्थानीय तह तथा पालिकाहरू, जिल्ला प्रशासन कार्यालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | गृह मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |
| १२. **संविधान दिवस तथा राष्ट्रिय दिवस**को अवसरमा वस्तु तथा सेवा विक्रीमा व्यापक र विशेष छुट दिन निजी क्षेत्रका व्यवसायीलाई आव्हान गर्ने। | अर्थ मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल उद्योग परिसंघ तथा निजी क्षेत्रका संघसंस्थाहरू | गृह मन्त्रालय |

| | | | |
|---|---|---|---|
| १३. सैनिक मञ्च, टुँडिखेलको मूल समारोहको कार्यक्रममा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालको तर्फबाट सातै प्रदेशको सांस्कृतिक विविधता झल्कने प्रकृतिको प्रस्तुति गर्ने। | रक्षा मन्त्रालय | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, साँस्कृतिक संस्थान | गृह मन्त्रालय |
| १४. उपयुक्त स्थान पहिचान गरी सङ्घीय सरकारका मन्त्रालय/विभाग/सुरक्षा निकाय/कार्यालय, प्रदेश सरकारका मन्त्रालय/कार्यालय र स्थानीय तहले सम्बद्ध सरोकारवालाको समन्वयमा वृक्षारोपण कार्यक्रम सञ्चालन गर्ने। | वन तथा वातावरण मन्त्रालय, प्रदेश सरकारको वन सम्बद्ध मन्त्रालय, स्थानीय तहहरू | संघ, प्रदेश र स्थानीय तहका सरकारी निकायहरू | गृह मन्त्रालय |
| १५. सरसफाई, प्रभातफेरी, खेलकुद, प्रवचन तथा साहित्यिक गोष्ठी, साँस्कृतिक कार्यक्रम र विभिन्न झाँकी प्रदर्शनी जस्ता विविध कार्यक्रम गर्ने | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रलाय | स्थानीय तहहरु | गृह मन्त्रलाय, जिल्ला प्रशासन कार्यालय |
| १६. रक्तदान कार्यक्रम | नेपाल रेडक्रस सोसाइटी | स्वास्थ्य सम्बद्व संघ-संस्थाहरु | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| १७. ऐतिहासिक आन्दोलनहरुका सहिद परिवार र घाइतेहरुलाई सम्मान गर्ने। | जिल्ला समन्वय समिति | स्थानीय तहहरु | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, जिल्ला प्रशासन कार्यालय |
| १८. विद्यालय, कलेज तथा विश्वविद्यालयमा नेपालको संविधान, **संविधान दिवस तथा राष्ट्रिय दिवस** र नेपालको राष्ट्रिय झन्डा लगायतको राष्ट्रभक्तिको विषयमा कविता, वक्तृत्वकला र हाजिरजवाफ प्रतियोगिता सञ्चालन गर्ने व्यवस्था मिलाउने। | स्थानीय तहहरु | विश्वविद्यालयहरू तथा शिक्षा सम्बद्ध निकायहरू | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| १९. फरक क्षमता भएका विद्यार्थीहरुलाई उपयुक्त हुने शैक्षिक तथा खेलकुद सामग्री वितरण गर्ने। | स्थानीय तह तथा पालिकाहरु | शिक्षा विकास तथा समन्वय इकाई | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, जिल्ला प्रशासन कार्यालय |
| २०. साँझ दीप प्रज्ज्वलन गर्ने। | स्थानीय तह तथा पालिकाहरु, सरकारी निकायहरु | स्थानीय सामुदायिक संघ-संस्थाहरु | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, |

## सैनिक-मञ्च, टुँडिखेलको मूल समारोहमा उपस्थित हुनुहुने महानुभावहरु :

१. सम्माननीय राष्ट्रपति,
२. सम्माननीय उपराष्ट्रपति,
३. सम्माननीय प्रधानमन्त्री,
४. सम्माननीय प्रधानन्यायाधीश,
५. सम्माननीय सभामुख, प्रतिनिधि सभा,
६. सम्माननीय अध्यक्ष, राष्ट्रिय सभा,
७. माननीय पूर्वराष्ट्रपतिहरू,
८. माननीय उपप्रधानमन्त्रीहरू,
९. पूर्व उपराष्ट्रपतिहरू,
१०. पूर्व प्रधानमन्त्रीहरु/मन्त्रिपरिषद्का पूर्व अध्यक्ष,
११. माननीय मन्त्रीहरु,
१२. उपसभामुख, प्रतिनिधि सभा,
१३. उपाध्यक्ष, राष्ट्रिय सभा,
१४. राज्य मन्त्रीहरु,
१५. सङ्घीय संसदका संसदीय समितिका सभापतिहरू,
१६. राष्ट्रिय योजना आयोगका उपाध्यक्ष,
१७. संवैधानिक निकायका प्रमुखहरु,
१८. महान्यायाधिवक्ता,
१९. सङ्घीय संसदका माननीय सदस्यहरू,
२०. काठमाडौं महानगरपालिकाका प्रमुख,
२१. नेपाल सरकारका मुख्य सचिव,
२२. प्रधानसेनापति,
२३. ललितपुर महानगरपालिकाका प्रमुख,
२४. जिल्ला समन्वय समितिका प्रमुखहरु (उपत्यका भित्रका),
२५. संङ्घीय संसदका महासचिव,
२६. सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार,
२७. नेपाल राष्ट्र बैंकका गभर्नर,
२८. प्रज्ञा प्रतिष्ठानका कुलपति तथा विश्वविद्यालयका उपकुलपतिहरू,
२९. नेपाल सरकारका सचिव तथा विशिष्ट श्रेणीका राजपत्राङ्कित अधिकृतहरु,
३०. नेपालस्थित विदेशी राजदूतहरु/संयुक्त राष्ट्र संघका आवासीय प्रतिनिधि,
३१. रथी,
३२. सुरक्षा निकायका प्रमुखहरु,
३३. प्रज्ञा प्रतिष्ठानका उपकुलपतिहरू,

३४. विश्वविद्यालयका प्राध्यापकहरू,

३५. काठमाडौं महानगरपालिकाका उपप्रमुख,

३६. काठमाडौं उपत्यकाभित्रका स्थानीय तहका प्रमुखहरु तथा उपप्रमुखहरु सबै,

३७. सुरक्षा निकायका विशिष्ट श्रेणीका अधिकृतहरु,

३८. उपत्यकाका प्रमुख जिल्ला अधिकारीहरु,

३९. नेपाल सरकारका राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतहरू (सहसचिवहरू),

४०. सहायक रथीहरू,

४१. प्रहरी नायब महानिरीक्षकहरू,

४२. सशस्त्र प्रहरी नायब महानिरीक्षकहरू,

४३. राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशकहरू,

४४. सार्वजनिक संस्थानका प्रमुख एवम् कार्यकारीहरू,

४५. अध्यक्ष, उद्योग वाणिज्य महासंघ,

४६. अध्यक्ष, नेपाल चेम्वर अफ कमर्स,

४७. अध्यक्ष, नेपाल उद्योग परिसंघ,

४८. अध्यक्ष, नेपाल पत्रकार महासंघ,

४९. उपसमितिका सदस्यहरु।